# गाउँ कार्यपालिकाको ३४औं बैठकको निर्णय

**प्रस्ताव तथा निर्णयहरुः**

१. होलेरी-ग्वारखोला-तुल्सीपुर सडकको IEE गर्ने सम्बन्धमा।
२. विविध।

**निर्णय नं १.**

रुन्टीगढी ग्वारखोला सडक स्तरोन्नती गर्नु पर्ने भएकोले सो सडकको स्तरोन्नती गर्ने परियोजनका लागि संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि २०७८ बमोजिम संक्षिप्त वातावरणिय अध्ययन गर्ने तथा सोहि कार्यविधिको दफा १२ बमोजिमको अनुगमन समिति र दफा १४ बमोजिमको प्राविधिक समिति गठन गर्ने।सो कार्यका लागि कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी रु पाँच लाखको बजेट व्यवस्था गर्ने।

**निर्णय नं २ .**

रुन्टीगढी गाउँपालिकाकामा नियुक्ति भई आएका प्राथमिक तहका नयाँ शिक्षकलाई पदस्थापन गर्ने सन्दर्भमा शिक्षा विकास तथा समन्वय इकाईबाट उल्लेख भई आएका पदस्थापनाका आधार तथा मार्गदर्शनको प्रतिकुल नहुने गरी सिफारिस भई आएका शिक्षकहरुलाई माद्यमिक र आधारभुत विद्यालयहरुमा अंग्रेजी गणित र विज्ञान विषय पठन पाठनमा सहयोग पुग्ने गरी पदस्थापन गर्ने।

**निर्णय नं ३.**

रुन्टीगढी गाउँपालिका र कोरियामा रहेको शिन आन्सान विश्वविद्यालयसँग द्विपक्षिय समझदारी बमोजिम सह सम्बन्ध कायम गरी एक आपसमा शैक्षिक सामाग्री, सुचनाको आदान प्रदान र अनुसन्धानात्मक क्रियाकलापको प्रतिफलको प्रकाशनका माध्यमबाट अनुभवको साझेदारी गर्दै शिक्षाको गुणस्तरीयता, तालिम, सम्मेलन, बैठक र पर्यटन विकासमा एक आपसका विद्यार्थीहरुलाई सहज रुपमा अध्ययन र अनुसन्धानको कार्यमा आवत जावत गर्न र काम गर्ने वातावरणको सृजना गर्दै उल्लेखित बुदाहरुमा समझदारी गरी सम्झौता गर्ने।

**निर्णय नं ४.**

होलेरी बजार व्यबस्थापन समितिले मिति २०८१।०१।१२ गते देखि संचालन गर्न लागेको भलिबल तथा विविध कार्यक्रमका लागि आबश्यक खेलकुद सामाग्री तथा सो सँग सम्बन्धित तपसिल बमोजिमका सामाग्रीहरु माग गरेको हुँदा उक्त सामाग्रीहरु उपलब्ध गराउने।

तपसिल

१ मिकासा भलिबल ५ थान
२ नेट २ थान
३ लाइन पट्टि
४ कम्पाउन्ड जालि १०० मिटर
५ साउन्ड सिस्टम

निर्णय नं ५

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम दोहोरो सुविधा प्राप्त नहुने गरी आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या तथा सहयोग मागको कारण | रकम |
|---|---|---|---|---|
| १ | भुमा भण्डारी | रुन्टीगढी ६ रोल्पा | दुबै मृगौला खराबी भई उपचाररत रहेको | रु.१०,०००/- |
| २ | शिब श्रेष्ठ | रुन्टीगढी ९ रोल्पा | छोराको मुटुको समस्या र उपचाररत | रु.१०,०००/- |
| ३ | खिम कुमारी भण्डारी | रुन्टीगढी ९ रोल्पा | दायाँ हात भाँचिएको र उपचाररत | रु.१०,०००/- |